कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
कोशी प्रदेश

प.सं. :- २०८१/०८२
च.नं.

# प्रेस विज्ञप्ति

कुम्मायक गाउँपालिकाको केन्द्र यासोक बजारको फोहोरमैला व्यवस्थापन गर्ने स्थलको प्रयोजनका लागि मिति २०८१/१०/२३ गते पालिकाको वडा नं.-५ को निगाले जुके पानीमा गाउँपालिकाको अध्यक्ष श्री वंम प्रसाद लावती, उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का, प्रशासकीय अधिकृत श्री सागर बस्नेत, पूर्वाधार शाखा प्रमुख सव-इन्जिनियर श्री अर्पण लिम्बु तथा नेपाल पत्रकार महासंघ पाँचथरका सदस्य श्री कुमार खड्का लगायत अनुगमन गरी फर्कि आस्था होटल कुम्मायक -४ मा बेलुकीको समयमा सम्बन्धित विषयमाथि छलफल गर्ने क्रममा कुम्मायक-१ निवासी महेन्द्र बहादुर लावती (याम नामले परिचित) र निजका छोरा चेतन लावती अचानक प्रवेश गरी उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का तथा पत्रकार श्री कुमार खड्का माथि आक्रमण तथा निर्घात कुटपिट भएको घटनाप्रति कुम्मायक गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

यस प्रकारको अमानवीय तथा आपराधिक कार्यलाई गाउँपालिका घोर भर्त्सना गर्दछ । गाउँपालिकाका जनप्रतिनिधिहरु तथा पेशागत स्वतन्त्रता माथि हुने कुनै पनि प्रकारको हिंसात्मक आक्रमण लोकतान्त्रिक मूल्य, मान्यता र सुशासनको सिद्धान्त विपरीत रहेको स्पष्ट गर्दै, यस घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई हदैसम्मको कानूनी कारबाही गर्न सम्बन्धित निकायसमक्ष आग्रह गर्दछौं।

हाल वि एण्ड सि शिक्षण अस्पताल विर्तामोड झापामा उपचारत उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का र पत्रकार श्री कुमार खड्कको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं, कुम्मायकबासी सम्पूर्ण जनसमुदायलाई अविचलित भई शान्ति तथा सद्भावको लागि धैर्य गर्न हार्दिक अपिल गर्दछौं।

**मिति – २०८१/१०/२४**

वंम प्रसाद लावती
अध्यक्ष
कुम्मायक गाउँपालिका पाँचथर

इमेलः kummayakgaupalika@gmail.com वेवसाइट: www.kummayakmun.gov.np
"सामाजिक आर्थिक विकासको पूर्वाधार ,समृद्ध कुम्मायकको आधार"